# नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष नियुक्तिको लागि नेपाल सरकार समक्ष नाम सिफारिस समितिको कार्यविधि, २०८१

नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पद मिति २०८१/१०/१९ गते देखि रिक्त हुने भएकोले उक्त पदमा नियुक्ति गर्न बीमा ऐन, २०७९ को दफा ७ उपदफा (१) बमोजिम नाम सिफारिस गर्ने प्रयोजनको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१/०९/०९ को निर्णयानुसार गठन भएको समितिले सोही दफाको उपदफा (२) मा रहेको व्यवस्था बमोजिम कार्यविधि निर्धारण गरेको छ।

**१. दरखास्त आह्वानः**

नेपाल बीमा प्राधिकरणको मिति २०८१/१०/१९ गतेदेखि रिक्त हुने अध्यक्ष पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवारको नाम सिफारिस गर्ने प्रयोजनको लागि १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गरी आवेदन माग गरिने छ।

**२. आवश्यक योग्यता तथा अनुभवः**

२.१. बीमा ऐन, २०७९ को दफा ८ को उपदफा (१) बमोजिमको योग्यता पूरा भएको एवम् दफा ८ को उपदफा (३) बमोजिम अयोग्य नरहेको ।

२.२ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) को बुँदा नं.३ मा व्यवस्था भए बमोजिम देहायको योग्यता भएको

क) कार्यकारी प्रमुखको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको ।

ख) कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारी र सदस्यको हकमा कम्तीमा स्नातक तह उत्तीण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष कार्य गरेको ।

ग) कार्यकारी प्रमुखको हकमा तीस वर्ष र कार्यकारी प्रमुख बाहेक अन्य पदाधिकारी र सदस्यको हकमा पैंतिस वर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको ।

२.३ अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम देहायको अयोग्यता नरहेको

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको।

**३. दरखास्तसाथ सिफारिस समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा विवरणः**

३.१ शैक्षिक योग्यता, पेशागत अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन/मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-data) को प्रत्येक पानाको अन्तमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

३.२ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, विदेशी विश्वविधालयबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत पेश गर्नुपर्ने छ र पेशागत अनुभव पुस्ट्याई गर्ने कागजातको प्रतिलिपि आवेदक स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

३.३ उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यावसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

३.४ कुनै संस्था वा निकायमा कार्यरत/सेवारत उम्मेदवारले यस पदको प्रतिस्पर्धामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ।

३.५ दरखास्तसाथ निम्न लिखित व्यहोराको स्वयम् घोषणाको विवरण आवेदक स्वयम्ले प्रमाणित गरी संलग्न गर्नु पर्नेछः

(क) कुनै राजनीतिक दलको सदस्य नभएको,

(ख) नेपाल बीमा प्राधिकरणको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नरहेको वा प्राधिकरणसँग निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसाजी आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको,

(च) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भए नभएको, र भएको भए त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा भएको,

(छ) विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको,

(ज) नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

**४. समितिको अध्यक्ष पदका लागि तोकिएको काम, कर्तव्य र अधिकारः**

अध्यक्ष पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार बीमा ऐन, २०७९, कार्यसञ्चालन सम्झौता र प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**५. व्यावसायिक कार्ययोजना सम्बन्धी व्यवस्थाः**

**५.१ उम्मेदवारले दरखास्तसाथ पेश गर्ने व्यावसायिक कार्ययोजनाः**

बीमा क्षेत्रको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य' तथा 'नेपाल बीमा प्राधिकरणको सङ्गठनात्मक विश्लेषण (Organizational Analysis)' का साथै बीमा क्षेत्रको हित संरक्षण गर्न अध्यक्षका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा नेपाल बीमा प्राधिकरणको नियामकीय भूमिकाको थप प्रभावकारिताको लागि चालिनु पर्ने नीतिगत, रणनीतिक तथा कार्यगत सुधारका कदमहरू समावेश भएको समयसारिणी सहितको हुनु पर्नेछ।

**५.१.१ बीमा क्षेत्रको सैद्धान्तिक पृष्ठभूमि एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य लेखनमा** निम्न बुँदाहरू समावेश भएको हुनु पर्नेछ

(क) बीमाको सैद्धान्तिक पृष्ठभूमि,

(ख) नेपालको बीमा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण,

(ग) नेपाल सरकार तथा बीमा प्राधिकरणको विकास सम्बन्धी गुरुयोजना तथा रणनीतिक योजनाहरू तथा कार्यान्वयनको अवस्था,

(घ) बीमा क्षेत्रमा रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण,

(ङ) बीमा क्षेत्रका सबल पक्ष एवं दुर्बल पक्षहरूको पहिचान तथा विश्लेषण,
(च) नेपालमा बीमा प्राधिकरणको आवश्यकता, अवसर तथा चुनौतीहरु,
(छ) नेपालको बीमा क्षेत्र र अन्तर्राष्ट्रिय बीमा क्षेत्रको परिदृश्यको तुलनात्मक अवस्थाको विश्लेषण। (सन्दर्भ सामाग्री समेत खुलाएको हुनुपर्ने छ ।)

**५.१.२ नेपाल बीमा प्राधिकरणको सङ्गठनात्मक विश्लेषणका सम्बन्धमाः**

नेपाल बीमा प्राधिकरणको संगठनात्मक विश्लेषण (Organizational Analysis) मा बीमा प्राधिकरणको संस्थागत संरचना, मानव संसाधन व्यवस्थापन, जोखिम व्यवस्थापन, प्रविधि र सूचना प्रणालीको अवस्था तथा व्यवस्थापन, सस्थागत सुशासन, वित्तीय व्यवस्थापन, तोकिए बमोजिमको काम, कर्तव्य अनुरूप कार्य सञ्चालनको प्रभावकारिता, सम्बन्धित अन्तर्राष्ट्रिय निकायहरूसँगको सम्बन्ध लगायतका विद्यमान अवस्थाको पहिचान गरी सबल पक्ष, दुर्बल पक्ष एवम् अवसर तथा चुनौतीहरूको विश्लेषण गरिएको हुनु पर्नेछ।

**५.२ व्यावसायिक कार्ययोजनाः**

नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा पेश गर्न सकीने छ । A4 Size को कागजमा बायाँ १.५ तथा दायाँ, तल र माथि १" Margin राखेर प्रिन्ट गरी तयार गरिएको हुनु पर्नेछ।

१. अंग्रेजी भाषामा व्यावसायिक कार्ययोजना तयार गर्दा Times New Roman फन्टको प्रयोग गर्नु पर्नेछ। मूल शीर्षकको फन्ट साइज 16pt bold, उपशीर्षकको फन्ट साइज 14pt bold तथा अन्तर्वस्तु (Text) को फन्ट साइज 12pt normal हुनु पर्नेछ।

२. नेपाली भाषामा व्यावसायिक कार्ययोजना तयार गर्दा Unicode (Kalimati) फन्ट को प्रयोग गर्नु पर्नेछ। मूल शीर्षकको फन्ट साइज 14pt bold, उपशीर्षकको फन्ट साइज 13pt bold तथा अन्तर्वस्तु (Text) को फन्ट साइज 12pt normal हुनु पर्नेछ।

५.३ कभर पेज, एव्रिभिएसन, टेवल अफ कन्टेन्ट सहितको व्यावसायिक कार्ययोजनाको मूल अन्तर्वस्तु (Main Text) को पहिलो पृष्ठ 'पृष्ठ १' हुने गरी क्रमानुसार पृष्ठसङ्ख्या उल्लेख गरिएको हुनु पर्नेछ।

५.४ व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरूमा रोमन अङ्क '।' देखि सुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनु पर्नेछ।

५.५ दरखास्तसाथ पेश गरिएको व्यावसायिक कार्ययोजना दफा ७ को उपदफा (७.२) बमोजिम संक्षिप्तसूची (Shortlist) मा छनौट भएका उम्मेदवारहरूले तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

५.६ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, पेशागत अनुभव तथा नेपाली नागरिकताको प्रमाणपत्र एवं आवेदनसाथ पेश गरेको अन्य कागजातहरूको सक्कल प्रति साथै लिई प्रस्तुतीकरण तथा अन्तर्वार्ताको लागि उपस्थित हुनु पर्नेछ।

## ६. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार:

६.१ उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार तथा अङ्क भार विभाजन तपसिल बमोजिम कायम हुनेछ:

| | | |
|---|---|---|
| (क) | व्यावसायिक कार्ययोजना | ४० अङ्क |
| (ख) | शैक्षिक योग्यता | ५ अङ्क |
| (ग) | कार्य अनुभव | ५ अङ्क |
| (घ) | व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | २० अङ्क |
| (ङ) | अन्तर्वार्ता | ३० अङ्क |
| | जम्मा | १०० अङ्क |

### ६.२ व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार तथा अङ्कभार विभाजन:

| | | |
|---|---|---|
| (क) | बीमा सम्बन्धी ज्ञानको स्पष्टता र गहिराइ तथा नेपाल बीमा प्राधिकरणको यथार्थ अवस्था बारेको जानकारी | १० अङ्क |
| (ख) | नेपालको बीमा क्षेत्रको वर्तमान अवस्था, चुनौतीहरू तथा सम्भावनाका क्षेत्रहरूको पहिचान एवं विश्लेषण | ५ अङ्क |
| (ग) | बीमा क्षेत्रको विकास तथा नेपाल बीमा प्राधिकरणको नियामकीय भूमिका तथा कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धिका निम्ति पहिचान गरिएका सुदृढीकरणका उपायहरू एवम् प्रस्तुत गरिएको कार्ययोजना तथा समयसारिणीको औचित्यता, सान्दर्भिकता तथा व्यावहारिकता (Practicality) | १० अङ्क |

| | | |
|---|---|---|
| (घ) | विश्लेषणात्मक क्षमता तथा तार्किकता | ५ अङ्क |
| (ङ) | सृजनशीलता (Creativity), विश्वसनीयता (Reliability) तथा वैधता (Validity) | ५ अङ्क |
| (च) | लेखनको ढाँचा तथा लेखन शैली | ५ अङ्क |

६.३ न्यूनतम कार्य अनुभव वापत अङ्क प्रदान गरिने छैन । न्यूनतम कार्य अनुभव भन्दा बढी हरेक वर्षका लागि १ अङ्क प्रदान गरीनेछ । ५ अङ्क भन्दा बढि कार्य अनुभव वापत अङ्क प्रदान गरिने छैन ।

**६.४ शैक्षिक योग्यताको अङ्क भार विभाजनः**

| | | |
|---|---|---|
| (क) | स्नातकोत्तर | २ अङ्क |
| (ख) | विद्यावारिधि | ३ अङ्क |

**६.५ व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार तथा अङ्क भार विभाजनः**

| | | |
|---|---|---|
| (क) | प्रस्तुतीको ढाँचा र विधि | ३ अङ्क |
| (ख) | प्रस्तुतीकरणको शैली | ३ अङ्क |
| (ग) | अन्तर्वस्तुका सम्बन्धमा स्पष्टता | ५ अङ्क |
| (घ) | समयको व्यवस्थापन | २ अङ्क |
| (ङ) | अन्तरक्रिया | ७ अङ्क |

**६.६ अन्तर्वार्ता मूल्याङ्कनको आधार तथा अङ्क भार विभाजनः**

| | | |
|---|---|---|
| (क) | नेतृत्व क्षमता (व्यक्तित्व, आत्मविश्वास, समस्या समाधान गर्न सक्ने क्षमता, तार्किकता, सृजनशीलता इत्यादि) | १० अङ्क |

| | | |
|---|---|---|
| (ख) | विषयवस्तुको ज्ञान र उद्देश्यको स्पष्टता तथा प्रतिबद्धता | १० अङ्क |
| (ग) | उठान गरिएका विषय सम्बोधन गर्न सक्ने क्षमता | १० अङ्क |

७. उम्मेदवार छनौटका आधार एवम् प्रक्रियाः

उम्मेदवार छनौटका लागि निम्न बमोजिमको प्रक्रिया अपनाइनेछ।

७.१ सिफारिस समितिले सर्वप्रथम तोकिए बमोजिमको योग्यता र कार्य अनुभव भएका आवेदकहरूले दरखास्तसाथ पेश गरेको व्यावसायिक कार्ययोजनाको तीन जना स्वतन्त्र विज्ञ बाट परीक्षण गरिनेछ । परीक्षणबाट प्राप्त अङ्कको आधारमा औसत प्राप्ताङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना बापतको प्राप्ताङ्क गणना गरिनेछ।

७.२ तोकिए बमोजिमको योग्यता र अनुभव भएका आवेदकहरूको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क, कार्य अनुभव बापतको प्राप्ताङ्क र पेश भएको व्यावसायिक कार्ययोजना बापतको उपदफा (७.१) बमोजिमको प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारहरूको संक्षिप्तसूची (Shortlist) तयार गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवम् अन्तर्वार्ताका लागि छनौट गरिनेछ।

७.३ व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणका लागि छनौटमा परेका आवेदकहरूले तोकिएको मिति र समयमा व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि तीस मिनेट समय प्रदान गरिने छ।

७.४ उपदफा (७.२) बमोजिम व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवम् अन्तर्वार्ताका लागि छनौट भई व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवम् अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारहरूको शैक्षिक योग्यता बापतको प्राप्ताङ्क, पेश भएको व्यावसायिक कार्ययोजना बापतको उपदफा (७.१) बमोजिमको प्राप्ताङ्क, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको औसत प्राप्ताङ्क तथा अन्तर्वार्ताको औसत प्राप्ताङ्कको योगफल निर्धारण गरी उच्चतम अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारहरूको नाम वर्णानुक्रमानुसार सिफारिस गरिनेछ।

७.५ तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत् राखी थप आवेदनको लागि सात दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ।

७.६ पुनः दरखास्त आह्वान गर्दा थप आवेदन परे वा नपरे पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ।

**८. परामर्श लिन सक्नेः**

सिफारिस समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेको व्यक्ति वा निकायसँग परामर्श लिन वा विज्ञको सेवा लिन सक्नेछ।

**९. बाधा अड्काउ फुकाउः**

प्रचलित कानून र यस कार्यविधिको प्रतिकूल नहुनेगरी ब्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउको अधिकार सिफारीस समितिमा रहनेछ।

**१०. सचिवालयः**

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा (वित्तीय क्षेत्र) ले सिफारिस समितिको सचिवालयको रूपमा काम गर्नेछ।

## अनुसूची-१

## नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि गठित सिफारिस समितिको पदपूर्तिसम्बन्धी सूचना

नेपाल सरकार
अर्थ मन्त्रालय
नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि गठित सिफारिस समितिको
पदपूर्तिसम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति

नेपाल बीमा प्राधिकरणको रिक्त सञ्चालक समितिको अध्यक्ष पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र

व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य खामवन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आवश्यक योग्यता तथा अनुभवः

(अ) बीमा ऐन, २०७९ को दफा ८ को उपदफा (१) (क) बमोजिम बीमा, मौद्रिक, बैङ्किङ्ग, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित अर्थशास्त्र वा कानून विषयमा कम्तिमा स्नाकोत्तर वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको व्यक्ति।

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम अयोग्य नभएको।

(आ) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम तीस वर्ष उमेर पूरा भई पैसट्ठी वर्ष उमेर ननाघेको, तथा देहायको अयोग्यता नरहेकोः

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा संझौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको।

२. आवेदन पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजातः

(अ) आवेदनसाथ अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा प्रकाशित "नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिमको कागजात तथा विवरणहरू आवेदक स्वयम्ले प्रमाणित गरी २ प्रति पासपोर्ट साइजको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

(आ) आवेदनसाथ उपर्युक्त कार्यविधिको दफा ५ बमोजिमको व्यावसायिक कार्ययोजना चार प्रति खामवन्दी गरी पेश गर्नु पर्नेछ। खामबन्दी प्रस्तावको खामबाहिर आवेदकको नाम र नेपाल

बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्षका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना उल्लेख गरी दस्तखत गरेको हुनु पर्नेछ।

### ३. दस्तुरः

आवेदन दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार शाखामा रु. ७५००/- (अक्षरेपि सात हजार पाँच सय रुपैयाँ मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

### ४. पारिश्रमिकः

अध्यक्षले पाउने मासिक पारिश्रमिक, भत्ता , सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

### ५. अन्य विवरणः

(अ) आवेदन तथा सिफारिस प्रक्रिया सम्बन्धी विस्तृत विवरण अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा प्रकाशित 'नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, २०८१ मा उपलब्ध रहेको छ।

(आ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(इ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(ई) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार वा टेलिफोन नं. ४२११३६५ मा सम्पर्क गर्न सकिनेछ ।

४२११३८६